अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** ०२/०७९/०८०  **मितिः**२०७९/०४/३१

**अध्यक्षताः** प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

मिति २०७९ साल श्रावण ३१ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मतिमा गरियो ।

**(१)** अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

**(२)** नेपाल सरकार, शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७९/०४/१३ को सूचना बमोजिम राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि तोकिएको अवधि भित्र प्राप्त आवेदन आवेदनहरुलाई निम्न बमोजिम प्राथमिकिकरण गरी शिक्षा विकास तथा समन्वय इकाईमा सक्कलै फायल बुझाउने निर्णय गरियो ।

| प्रस्तावित कार्यक्रम | प्राथमिकताक्रम | विद्यालयको नाम र ठेगाना |
|---|---|---|
| ४ कोठे भवन | १ | श्री भिमले आधारभूत विद्यालय अ न पा -२ |
| ४ कोठे भवन | २ | श्री अर्जुनधारा माध्यमिक विद्यालय, अर्जुनधारा- ४ |
| ४ कोठे भवन | ३ | श्री लक्ष्मी माध्यमिक विद्यालय अ न पा - ६ |
| २ कोठे भवन | ४ | श्री सरस्वती प्राथमिक विद्यालय, अ न पा - २ |
| २ कोठे भवन | ५ | श्री कालिस्थान माध्यमिक विद्यालय अर्जुनधारा-९ |
| ४ कोठे भवन | ६ | श्री वालकल्याण प्राथमिक विद्यालय, अ न पा- ६ |
| ICT ल्याब तथा डिजिटल लाईब्रेरी व्यवस्थापन | १ | श्री सिंहदेवी माध्यमिक विद्यालय, अ न पा- १ |
| | २ | श्री आधारभूत विद्यालय कञ्चनबारी अ न पा -५ |
| | ३ | श्री महारानीगञ्ज माध्यमिक विद्यालय, अ.न.पा -११ |
| | ४ | श्री प्राथमिक विद्यालय, अ.न.पा. - ९ |
| | ५ | श्री भानु माध्यमिक विद्यालय,अ न पा -५ |
| | ६ | श्री नवदुर्गा आधारभूत विद्यालय अ न पा - ४ |

**(३)** अर्जुनधारा नगरपालिका नगर प्रहरी व्यस्थापन (प्रथम संशोधन सहित) ऐन बमोजिम अर्जुनधारा नगरपालिकाका लागि देहाय बमोजिमको संख्यामा नगर प्रहरीको छनौटका लागि आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

नगर प्रहरी सहायक निरीक्षक- १ जना

नगर प्रहरी हवल्दार- १ जना

नगर प्रहरी जवान- खुला-३ , महिला-२, जम्मा ५ जना

**(४)** चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा छलफल हुँदा निम्न बमोजिम निर्णय गरियोः

१. स्वीकृत कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत सञ्चालन हुने कार्यक्रम सञ्चालनका लागि २०७९ कार्तिक मसान्त भित्र उपभोक्ता समिति गठन गरी सम्झौता गरिसक्ने । उक्त अवधि भित्र सम्झौता हुन नसकेका आयोजनाहरु सञ्चालनका लागि ठेक्का बन्दोवस्त गर्ने ।

२. उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजनाहरु सम्पन्न हुने अन्तिम म्याद २०७९ चैत्र मसान्तसम्म कायम राख्ने ।

३. उपभोक्ता समितिहरुलाई आयोजनाको कुल लागतको १० प्रतिशत साझेदारी नगदै जम्मा गर्ने व्यस्था मिलाउने ।

**(५)** यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० का लागि स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत विद्यार्थी छात्रवृत्ति कार्यक्रमका लागि विनियोजित बजेट रु १० लाख मध्ये रु ५ लाख बजेटबाट नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान, बिर्तामोडसँग सम्झौता गरी उक्त प्रतिष्ठानमा सञ्चालित प्राविधिक शिक्षा अन्तर्गत १८ महिने तालिमका लागि २०७९ सालमा सामुदायिक विद्यालयबाट एस.इ.इ. उत्तीर्ण गरेका ५ जना गरिब जेहेन्दार तथा योग्य विद्यार्थी छनौट गर्न निम्न बमोजिम सिफारिस समिति गठन गर्ने र समितिले छनौट गरेका विद्यार्थीहरुलाई विनियोजित बजेटको सिमा भित्र रही छात्रवृत्ति उपलब्ध गराउने निर्णय गरियो ।

| | |
|---|---|
| सामाजिक विकास समिति संयोजक, श्री कौशिलाल परियार | संयोजक |
| कार्यपालिका सदस्य, श्री गौरिमाया चिमरिया | सदस्य |
| कार्यपालिका सदस्य श्री चन्द्रमाया तामाङ्ग | सदस्य |
| कार्यपालिका सदस्य श्री नरेन्द्रबहादुर राई | सदस्य |
| शिक्षा शाखा अधिकृत श्री सुनिता भट्टराई | सदस्य सचिव |

**(६)** नेपाल सरकारको एक स्थानीय तह एक खेलमैदान कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिकाबाट नगरपालिका स्तरीय खेलमैदान निर्माणका लागि विगतमा छनौट भएको अर्जुनधारा नगरपालिका वडा नं ७ स्थित अर्जुनधारा खेलमैदानको भोगाधिकारका सम्बन्धमा नगरपालिकाले कम्तिमा ३० वर्ष भोगाधिकार प्राप्त गर्ने गरी समाज उद्दार कल्याण संघसँग सम्झौता गर्ने र खेलमैदान विकासका लागि डिपिआर तयार गरी खेलकुद मैदान विस्तार तथा निर्माणको आवश्यक प्रक्रिया अघि बढाउने, उक्त खेलमैदान रहेको स्थान मध्ये २ विगाहा जग्गा संस्थाको स्वामित्वमा रहेको र ३ विगाहा सार्वजनिक जग्गा रहेकाले उक्त ३ विगाहा सार्वजनिक जग्गाको भोगाधिकार समेत नगरपालिकाले प्राप्त गर्ने आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**(७)** अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत पशुपंक्षी तथा मत्स्य विकास शाखाको कार्यालय परिसरमा रहेका रुखहरु फैलिएर कार्यालयलाई नै असर गरिरहेकाले ती रुखहरु हटाउनका लागि डिभिजन वन कार्यालय झापालाई अनुरोध गर्ने निर्णय गरियो ।

**(८)** नेपाल सरकारको एक पालिका एक उत्पादन कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिकामा दुग्ध उत्पादन तथा बजारिकरणको अत्याधिक सम्भावना रहेकाले दुग्ध उत्पादन तथा बजारिकरणका कार्यक्रम प्रवर्द्धनका लागि यस नगरपालिकाबाट कार्यक्रम प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**(९)** यस अर्जुनधारा नगरपालिकामा हाल अव्यवस्थित बसोवासीको जग्गा नाँपजाँचका लागि राष्ट्रिय भूमि आयोगबाट खटी आएका तथा नगरपालिकाबाट खटिएका अमिनहरुबाट जग्गा नापँजाँच सम्बन्धि कार्य सञ्चालन भईरहेकोमा उक्त कार्यमा स्थलगत सहयोगीको कार्य गर्नका लागि सम्बन्धित वडा समितिले १ जना सहयोगी नियमानुसार दैनिक ज्याला प्राप्त गर्ने गरी कार्यक्रम अवधिसम्मका लागि खटाउने निर्णय गरियो ।

**(१०)** अर्जुनधारा नगरपालिका वडा नं १ बस्ने कोमलप्रसाद खनालको घरमा मिति २०७९/०४/३० गते आगलागी भई करिब ३१ लाख बराबरको धनमालको क्षति पुगेकाले आवश्यक राहतका लागि सिफारिस भई आएकाले निजलाई तत्कालका लागि आवश्यक लत्ताकपडा, खाद्यान्न, जस्तापाता लगायतका राहत सामाग्री उपलब्ध गराई निजको घर पुनर्निर्माणमा लाग्ने श्रमिकको ज्याला बापतको रकम राहत उपलब्ध गराउने निर्णय गरियो ।

**(११)** अर्जुनधारा नगरपालिका, ६ नं वडा कार्यालयको च.नं. २५५ मिति २०७९/०४/२५ गतेको पत्रबाट अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको लक्ष्मी माध्यमिक विद्यालयको आर्थिक वर्ष २०७४/०७५ र आर्थिक वर्ष २०७५/०७६ को अन्तिम लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदन बमोजिम विद्यालयका तत्कालिन प्र.अ. श्री वीरेन्द्रप्रसाद गुप्ताको नाममा रु २८,६९,१०६.९६ नगद मौज्दात देखिएको र निजले सो रकम हालसम्म पनि फिर्ता/फछ्यौंट नगरेकाले सो सम्बन्धमा कानूनी उपचारका लागि आवश्यक कारबाहीका लागि अनुरोध भई आएकाले सो साथ संलग्न कागजातहरु साथै राखी आवश्यक कार्यबाहीका लागि जिल्ला प्रशासन कार्यालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**(१२)** अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको संख्या तथा कर्मचारीहरुको कार्यविवरण समेत अध्ययन गरी हाल कार्यरत जनशक्तिहरुको संख्यामा कुनै पुनर्वि

**(१३)** चार गर्नु पर्ने भए सो समेतका सम्बन्धमा राय सल्लाह तथा सुझाव दिनका लागि सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री चन्द्रकुमारी तामाङ्गको संयोजकत्व

एवं थप ४ जना नगर प्रमुखले सदस्य तोकने गरी एक अध्ययन कार्यदल गठन गर्ने निर्णय गरियो

**(१४)** अर्जुनधारा नगरपालिका भएर वहने बिरिङ्ग, टाङटिङ सुखानी ठूलो नेते लगायतका नदीहरुमा रहेको नदीजन्य पदार्थको उत्खनन तथा बिक्री सम्बन्धमा ईकोग्रिन कन्सल्टेन्सी प्रा.लि.ले गरेको बिरिङ्ग नदीको प्रारम्भिक वातावरणीय परीक्षण र इन्भारोमेन्ट सोलुसन कन्सल्टेसन सेन्टरले गरेको टाङटिङ तथा सो नदीमा मिसिने नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।साथै, प्राप्त प्रतिवेदन बमोजिम बिरिङ्ग नदीको बुद्धशान्ती तर्फको भाग छोड्ने र सुखानी नदीमा रहेको १८००० घ.मी. नदीजन्य पदार्थ नगरपालिका आफैंले उपयोग तथा व्यवस्थापन गर्ने गरी निम्न बमोजिम परिमाणको नदीजन्य पदार्थको उत्खनन गर्दा हेभी मेसिनरी प्रयोग नगरी हाते उपकरणहरु मात्र प्रयोग गर्न पाउने गरी उत्खनन संकलन तथा बिक्रीका लागि ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो

| प्याकेज | क्षेत्र | परिमाण (घ.मी.) | रकम (रु) |
|---|---|---|---|
| १ | बिरिङ्ग | ६०५२५ | १०५०३८५०.८१ |
| २ | टाङटिङ | १५६७५० | २४७३३४७३ |
| ३ | ठूलो नेते | ९००० | १३११०६९.३८ |
| जम्मा | | २२६२७५ | ३६५४८३९३.१९ |